## श्री सर्वोच्च अदालतमा दायर गरेको

## निवेदन-पत्र

**<u>बिषयः नेपालको संविधानको धारा १३३ (२), (३) बमोजिम उत्प्रेषण, परमादेश लगायत जे जो चाहिने उपर्युक्त आज्ञा आदेश जारी गरी पाऊँ ।</u>**

कुलबहादुर खत्रीको छोरा सिन्धुली जिल्ला कमलामाई नगरपालिका वडा नं. १ घर भई हाल काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. ३१ आलोकनगर बस्ने बर्ष ३८ को युबराज पौडेल (सफल) सम्पर्क नं. [illegible]...............१ — निवेदक

विरुद्ध

श्री सम्माननीय राष्ट्रपतिज्यू, राष्ट्रपतिको कार्यालय, सितलनिबास, काठमाण्डौं........१

श्री सम्माननीय प्रधानमन्त्री श्री सुशिला कार्की, नेपाल सरकार प्रधानमन्त्रि तथा मन्त्रि परिषदको कार्यालय, सिंहदरबार काठमाण्डौं, नेपाल.......................................१

श्री केपी शर्मा ओली, निर्बतमान प्रधानमन्त्री तथा नेकपा (एमाले) का अध्यक्ष, ललितपुर महानगरपालिका वडा नं. ९ च्यासल, ललितपुर, नेपाल.......................१

श्री अनिलकुमार सिन्हा, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रि, नेपाल सरकार, सिंहदरबार काठमाण्डौं, नेपाल.........................................................१

श्री नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरवार काठमाण्डौं, नेपाल.........................१

श्री संघिय संसद, संघिय संसद सचिवालय, सिंहदरबार काठमाण्डौं, नेपाल.............१

— प्रत्यर्थी

म निवेदक निवेदन बापत लाग्ने दस्तुर साथै राखि नेपालको संबिधानको प्रस्तावना, धारा ४६, ७६, १३२, १३३(२) र (३) एंब १३७ (३) बमोजिम २०८२/०५/२७ गते श्री सुशिला कार्कीलाई राष्ट्रपतिज्यूवाट प्रधानमन्त्री पदमा नियुक्त गर्नुभएको कार्य र प्रधानमन्त्रिमा नियुक्त हुनासाथ् निज विपक्षी श्री सुशिला कार्कीले गर्नुभएको सिफारिसमा प्रतिनिधि सभा बिघटन भएको कार्य समेत गैर संबैधानिक भएको हुँदा असंवैधानिक घोषणा गरी संविधान सम्मत तरिकाबाट सरकार गठन गरी २०८२/०५/२३ गते भएको आन्दोलनका माग पुरा गर्न, २०८२/०५/२३ गते भएको नरसंहारलाई मानवता बिरोधी अपराध घोषणा गरी दोषीलाई कानूनको दायरामा ल्याउन र २०८२/०५/२४ गते श्री सर्वोच्च अदालत, सिंहदरवार र राष्ट्रपति भवन लगायतका सार्वजनिक र निजि सम्पति जलाउने आपराधिक कार्य गर्ने व्यक्तिलाई

कानूनको दायरामा ल्याउन अन्य कुनै वैकल्पिक उपचार समेत नभएको हुँदा उत्प्रेषण, परमादेश, प्रतिशेध लगायत जे जो चाहिने उपर्युक्त आज्ञा आदेश जारी गरी पाउन सादर निवेदन गर्दछु ।

१. म निवेदक एक देशभक्त नेपाली नागरिक हुनुका साथै विधिको शासनका लागि प्रतिवद्ध छु । कानूनभन्दा माथि कोहि पनि हुनु हुँदैन र कानूनको शासनलाई ठुला, साना, धनि, गरिव, पदमा भएका वा नभएका सवैले पालना गर्नु पर्दछ भन्ने मान्यता राख्दछु । गम्भीर सार्वजनिक सरोकारका विषयमा न्यायको याचना गर्नु आफ्नो सार्वजनिक कर्तव्य ठान्दछु ।

२. नेपालको ईतिहासमा पटक पटक राजनैतिक परिवर्तन भएका छन र राजनैतिक परिवर्तनले संवैधानिक परिवर्तन समेत भएका छन । २०८२/०५/२३ गते Gen-Z का नाममा नेपाली नागरिकले गरेको आन्दोलन राजनतिक र संवैधानिक परिवर्तनका लागि भएको आन्दोलन थिएन । केवल भ्रष्टचारीलाइ कार्यवाही गरी भ्रष्टाचारको अन्त्य र शुशासनको प्रत्याभूतिका लागि भएको आन्दोलन थियो । तर सो आन्दोलनमा तत्कालिन सरकारले निर्मम रुपमा विद्यार्थी लगायतका व्यक्तिमाथि निर्संश र अन्धाधुन्द रुपमा गोलि प्रहार गरी हत्या गरेको कार्य र २०८२/०५/२४ गते श्री सर्वोच्च अदालत, सिंहदरवार र राष्ट्रपति भवन लगायतका सार्वजनिक सम्पति र निजी सम्पति जलाउने जे जुन आपराधिक कार्य भए सो दुखद: र दुर्भाग्यपूर्ण रहेको छ । Gen-Z आन्दोलनका कारणले तत्कालिन प्रधानमन्त्री केपी ओलीले आफ्नो पदवाट राजिनमा दिए पश्चात जे जसरी आन्दोलनको संवैधानिक रुपमा निकास खोज्नु र दिनु पर्ने थियो सो नगरी असंवैधानिक रुपमा सरकार निर्माण गर्ने र प्रतिनिधि सभा विघटन गर्ने काम गरियो । सो बाट एकातिर मुलुकमा असंवैधानिक कार्य भयो भने अर्को तिर संविधान संसोधन गरेर मुलुकलाइ निकास दिने कार्यलाइ अवरोध गर्दै Gen-Z आन्दोलनका मागलाइ तुहाउने काम समेत भयो । तसर्थ, यस रिट निवेदनबाट निम्न वमोजिमको उपचारको माग गर्दछु :

(क) नेपालको संविधान अन्तर्गत धारा ७६ भन्दा अन्य कुनै पनि प्रक्रियावाट सरकार बन्न वा प्रधानमन्त्रि नियुक्त हुन सक्ने व्यवस्था छैन । तसर्थ, निज विपक्षी सुशिला कार्कीलाइ सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०८२/०५/२७ मा संविधानको कुन धारा अन्तर्गत प्रधानमन्त्रीमा नियुक्त गरिएको हो भन्ने समेत उल्लेख गर्न नसकी प्रधानमन्त्रीमा गरिएको नियुक्ति असंवैधानिक छ । तसंर्थ, निज सुशिला कार्कीको नियुक्तिलाइ असंवैधानिक घोषण गरी पाउँ । साथै निज सुशिला कार्की श्री सर्वोच्च अदालतको न्यायाधिश र प्रधान न्यायाधिश भई सेवा निवृत भएकी व्यक्ति हुन । नेपालको संविधानको धारा १३२(२) ले प्रधान न्यायाधिश वा सर्वोच्च अदालतको न्यायाधिश भैसकेको व्यक्ति कुनै पनि सरकारी पदमा नियुक्ति हुन ग्राह्य नहुने भनि प्रष्ट व्यवस्था गरेको अवस्थामा उक्त संवैधानिक व्यवस्था प्रतिकुल बिपक्षी सुशिला कार्की प्रधानमन्त्रि र सर्वोच्च अदालतका न्यायाधिश भैसकेको व्यक्ति बिपक्षी अनिलकुमार सिन्हा मन्त्रिमा नियुक्त भएका हुँदा निजहरुको नियुक्ति संविधान प्रतिकुल भएकोले उक्त सम्पूर्ण नियुक्ति र कार्य शुन्य सरह हुने गरी बदर गरी निजहरुलाई प्रधानमन्त्रि र मन्त्रि भनि संम्वोधन गर्न नमिल्ने भनि व्याख्या समेत गरी पाउँ ।

(ख) नेपालको संविधानको धारा ७६ वमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत लिन नसकेको अवस्थामा धारा ७६(७) वमोजिम मात्रै प्रतिनिधि सभा विघटन गर्न सकिन्छ । सो वाहेक अन्य कुनै पनि प्रक्रियावाट प्रतिनिधि सभा विघटन गर्न पाउने व्यवस्था नेपालको संविधानले गरेको

छैन । निज सुशिला कार्की धारा ७६ अन्तर्गत नियुक्त हुनु भएको छैन र निजले प्रतिनिधि सभा विघटन गर्न सिफारिश गर्न र असंवैधानिक सिफारिशका आधारमा राष्ट्रपतिज्यूबाट प्रतिनिधि सभा विघटन गर्न मिल्दैन । तसर्थ, मिति २०८२/०५/२७ गते गरिएको प्रतिनिधि सभाको विघटन असंवैधानिक घोषण गरी प्रतिनिधि सभा कायम वा पुनर्स्थापना गरी सो प्रतिनिधि सभाबाट Gen-Z आन्दोलनका माग पुरा गर्न Gen-Z का प्रतिनिधिको नेतृत्वमा संविधान संशोधन गर्न एक समिति वनाइ सो समितिले संघिय संसदमा पेश गर्ने प्रतिवेदन वमोजिम वा श्री सर्वोच्च अदालतले नै निर्देशन जारी गरी सो निर्देशन वमोजिम संविधान संसोधन गर्नु भनि परमादेशको आदेश जारी गरी पाउँ ।

(ग) निज सम्माननीय राष्ट्रपतिज्यूबाट भएको उक्त असंवैधानिक कार्य नेपालको संविधानको धारा १०१(१) अन्तर्गत संविधानको गम्भीर उलंघन भएकोले निज उपर महाभियोगको कार्यवाही गर्नु भनि संघिय संसदका नाममा आदेश जारी गरी पाउँ ।

(घ) २०८२/०५/२३ गते भएको नरसंहारलाइ मानवता विरोधि अपराध र हत्या घोषण गरी तत्कालिन प्रधानमन्त्री, गृहमन्त्रि, प्रहरी प्रमुख एंव काठमाण्डौं जिल्लाका प्रमुख जिल्ला अधिकारी उपर फौजदारी अपराधमा अनुसन्धान गर्नु भनि परमादेशको आदेश जारी गरी पाउँ । साथै उक्त कार्य गर्न अवरोध सिर्जना गर्ने गरी नेपाल सरकार वा कुनै मन्त्रालयवाट कुनै निर्णय भएको रहेछ भने विपक्षीहरुवाट सो खुलाउन लगाई सो मिर्णय उत्प्रेषणको आदेशवाट वदर गरी पाउँ ।

(ङ) श्री सर्वोच्च अदालत, सिंहदरवार, राष्ट्रपति भवन लगायत सार्वजनिक सम्पति र निजि सम्पति जलाउने व्यक्तिलाइ सिसि टिभी फुटेज लगायतका प्रमाण संकलन गरी त्यस्ता व्यक्ति पत्ता लगाई कानूनी कार्यवाही गर्नु भनि विपक्षीहरुका नाममा परमादेशको आदेश जारी गरी पाउँ ।

३. यस विषयमा समानान्तर क्षेत्राधिकारको प्रयोग गरी अन्यत्र कुनै मुद्दा मामिला नगरिएको व्यहोरा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४३ वमोजिम खुलाएको छु ।

४. यस निवेदन-पत्रसाथ निम्न कागजातहरूको फोटोकपी पेश गरिएको छ :

क) निवेदकको नागरिकता प्रमाणपत्रको फ़ोटोकपी ।

ख) श्री राष्ट्रपतिको कार्यालयबाट जारी सूचना थान २ ।

ग) प्रस्तुत रिट निवेदनसंग सम्वन्धित विषयका सम्पूर्ण सक्कल दस्तावेज़ सम्वन्धित कार्यालयबाट झिकी वुझी प्रमाण लगाई पाउँ ।

५. प्रस्तुत निवेदन दायर गर्न हाल कानुन व्यवसायी मुकरर गरेको छैन । पछि नियुक्त हुने कानुन व्यवसायीको वहसका वुँदा तथा नजिर सिद्धान्त समेतलाई यसै निवेदनपत्रको अभिन्न अङ्गको रूपमा ग्रहण गरी प्रमाण लगाई पाऊँ ।

६. उल्लेखित व्यहोरा ठिक साँचो छ, झुठा ठहरे कानुन वमोजिम सहुँला वुझाउँला ।

निवेदक

निज युवराज पौडेल (सफल)

इति सम्वत २०८२ साल असोज २८ गते रोज ३ शुभम्..........................